# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

**(आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)**

## नेपाल राष्ट्र बैंक

**मार्ग २०६०**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

(आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)

**नेपाल राष्ट्र बैंक**

**मार्ग २०६०**

# देशको वर्तमान आर्थिक स्थितिबारे
# नेपाल राष्ट्र बैंकको प्रेस विज्ञप्ति

*(आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनाको तथ्याङ्कमा आधारित)*


**मुख्य बुँदाहरु**

- आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनामा विस्तृत मुद्रा प्रदाय सीमान्त दरले बढेको छ भने संकुचित मुद्रा प्रदायमा ह्रास आएको छ।
- मुद्रा बजारमा ट्रेजरी बिलको ब्याजदर घटेको छ।
- धितोपत्र बजारको संख्यात्मक कारोवारमा वृद्धि भए पनि रकमगत करोवारमा ह्रास आएको छ।
- नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार सरकारको फ्रिज खर्चमा ह्रास आएको भए तापनि साधारण तथा विकास खर्चमा उल्लेख्य वृद्धि भएकोले कुल सरकारी खर्च बढेको छ।
- कुल खर्चको तुलनामा गैर-ऋण साधन परिचालनको वृद्धिदर कम भएको हुँदा बजेट घाटा वृद्धि भएको छ।
- राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क विन्दुगत आधारमा ४.९ प्रतिशतले र बार्षिक औसतका आधारमा ५.० प्रतिशतले वृद्धि भएको छ।
- आयातको तुलनामा निर्यातको वृद्धिदर उच्च रहेको कारण व्यापार घाटाको वृद्धिदरमा कमी आएको छ।
- आर्थिक वर्ष २०५९/६० को आषाढसम्मामा निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण चालू खाता बचतमा रहेको छ।
- वित्तीय खाता ऋणात्मक रहेको भए तापनि चालू खातामा उच्च बचत रहेको हुँदा आर्थिक वर्ष २०५९/६० मा रु. ५ अर्ब २० करोडको शोधनान्तर बचत भएको छ। आर्थिक वर्ष २०५८/५९ मा रु. ३ अर्ब ३४ करोडको शोधनान्तर घाटा भएको थियो।
- २०६० भाद्र मसान्तमा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ७ अर्ब ९९ करोड पुगेको छ जुन १०.१ महिनाको वस्तु आयात र ८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

**मौद्रिक स्थिति :**

यस वर्ष खुद वैदेशिक सम्पत्तिको वृद्धि ऋणात्मक रहेको भए तापनि बैंकिङ्ग क्षेत्रको खुद आन्तरिक सम्पत्तिमा सामान्य वृद्धि भएको कारण विस्तृत मुद्रा प्रदाय केही मात्रामा वृद्धि भई रु.२ खर्ब ४३ अर्ब १९ करोड पुगेको छ। विस्तृत मुद्रा प्रदायका दुई अंशहरुमध्ये संकुचित मुद्रा प्रदाय यस वर्षको पहिलो दुई महिनामा ३.४ प्रतिशतले घटेर रु. ७८ अर्ब ६७ करोड रहेको छ। विस्तृत मुद्रा प्रदायको अर्को अंश आवधिक निक्षेप गत वर्ष २.७ प्रतिशतले बढेकोमा यस वर्ष २.३ प्रतिशतले बढेर रु. १ खर्ब ६४ अर्ब ५२ करोड पुगेको छ। बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन समायोजन समेत) गत वर्ष २.६ प्रतिशतले घटेकोमा यस वर्ष ०.६ प्रतिशतले घटेर रु. ९० अर्ब ८० करोडमा सीमित रहेको छ। बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा गत आर्थिक वर्षको प्रथम दुई महिनामा ०.९ प्रतिशतले वृद्धि भएकोमा यस वर्षको सोही अवधिमा ०.१ प्रतिशतको सीमान्त दरले वृद्धि भई रु.२ खर्ब २७ अर्ब १८ करोड पुगेको छ। बैंकिङ्ग क्षेत्रबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा गत वर्ष १.० प्रतिशतले बढेकोमा यस वर्ष १.४ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ५१ अर्ब १४ करोड पुगेको छ।

आयात कर्जा बढेकोले यस वर्ष निजी क्षेत्रमाथिको दावी केही बढ्न गएको हो । मुद्रा बजारमा ट्रेजरी बिल्सको भारित औसत व्याजदर २०६० श्रावण महिनाको ४.०३ प्रतिशतबाट २०६० भाद्र महिनामा ३.६६ प्रतिशतमा झरेको छ ।





**सरकारी वित्त स्थिति :**

नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनामा कुल सरकारी खर्च ३७.३ प्रतिशतले वृद्धि भई रु. ९ अर्ब २२ करोड पुगेको छ । गत वर्ष यसै अवधिमा सरकारी खर्च ७.४ प्रतिशतले बढेको थियो । कुल सरकारी खर्चमध्ये साधारण खर्च गत वर्ष २२.९ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५५.३ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ९९ करोड पुगेको छ भने विकास खर्च गत वर्ष ५६.४ प्रतिशतले घटेकोमा यस वर्ष ९५.३ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ६५ करोड पुगेको छ । फ्रिज खर्च गत वर्ष २.९ प्रतिशतले बृद्धि भएकोमा यस वर्ष १५.९ प्रतिशतले घटेर रु. १ अर्ब ५८ करोडमा सीमित रहेको छ ।

आर्थिक वर्ष २०५९/६० मा ४.८ प्रतिशतले वृद्धि भएको गैर-ऋण साधन (राजश्व, गैर-बजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष २६.० प्रतिशतले बढेर रु. ८ अर्ब १३ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजश्व गत वर्ष ३.० प्रतिशतले घट्न गएकोमा यस वर्ष १९.० प्रतिशतले बढेर रु. ७ अर्ब १५ करोड पुगेको छ । यस वर्ष आयात वृद्धि भएको कारण राजस्व परिचालनमा पनि तदनुरुप सुधार भएको छ । बाह्य अनुदान गत वर्ष रु. ५ करोड मात्र प्राप्त भएकोमा यस वर्ष रु. ४१ करोड प्राप्त भएको छ । गैर-बजेटरी आय भने गत वर्ष रु. ४१ करोड प्राप्त भएकोमा यस वर्ष सीमान्त रुपले वृद्धि भई रु. ४२ करोड प्राप्त भएको छ ।

कुल सरकारी खर्चभन्दा गैर-ऋण साधन (Non -debt creating resources) को वृद्धिदर कम भएकोले चालु आर्थिक वर्षको प्रथम दुई महिनामा रु.१ अर्ब १० करोड बजेट घाटा हुन गएको छ । गत वर्ष यस अवधिमा रु.२६ करोडको बजेट घाटा भएको थियो । यस वर्ष आन्तरिक ऋण वापत नागरिक बचत पत्रबाट रु. ७ करोड, वैदेशिक नगद ऋणबाट रु. ३२.०

करोड परिचालन भएकोमा सो रकमबाट सरकारी कोष अन्तर्गत अन्य शीर्षकमा रु. १० करोड पुर्ति भई बाँकी रकमबाट उपरोक्त बजेट घाटना पूर्ति गर्न नपुग रु. ७९ करोड नेपाल राष्ट्र बैंकबाट अधिविकर्ष उपयोग गरिएको छ । गत वर्ष यस अवधिमा भने  सरकारी खातामा रु. ५५ करोड बचत रहेको थियो ।




## मूल्य स्थिति


वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर गत वर्ष ३.३ प्रतिशत रहेकोमा यस वर्ष ४.९ प्रतिशत रहेको छ । वार्षिक औसत मूल्य वृद्धिदर भने गत वर्ष यसै अवधिमा ३.० प्रतिशत रहेकोमा यस वर्ष ५.० प्रतिशत पुगेको छ । विन्दुगत आधारमा गत वर्ष २.५ प्रतिशतले बृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क यस वर्ष ३.९ प्रतिशतले बृद्धि भएको छ । यस वर्ष चिनी तथा चिनीजन्य पदार्थ, तरकारी तथा फलफूल र दलहनको मूल्यमा कमी आएको भए तापनि तेल तथा घ्यू (२०.२ प्रतिशतले), रेष्टुराँको खाना (७.२ प्रतिशतले), माछा मासु तथा फुल (६.९ प्रतिशतले), खाद्यान्न (५.५ प्रतिशतले) तथा मरमसला, दूध तथा दुग्धजन्य पदार्थ र पेय पदार्थको मूल्य बढेको कारण खाद्यान्न तथा पेय पदार्थ समूहको मूल्यमा उपरोक्त बृद्धि हुन गएको  हो । गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य गत वर्ष ४.१ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष ५.८ प्रतिशतले वृद्धि भएको  छ । यातायात र संचार उप-समूहको मूल्य १३.८ प्रतिशतले र घरायसी सामान तथा सेवाको मूल्य १०.३ प्रतिशतल र औषधि तथा व्यक्तिगत हेरचाहको मूल्य ४.१ प्रतिशतले बृद्धि भएको तथा अन्य वस्तुहरुको मूल्यमा पनि सामान्य बृद्धि भएकोले गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उपरोक्त बृद्धि भएको हो । क्षेत्रगत आधारमा तराईमा ४.९ प्रतिशतले, पहाडमा ४.६ प्रतिशतले र काठमाडौं उपत्यकामा ४.९ प्रतिशतले मूल्य बृद्धि भएको छ । माछा, मासु तथा फुल र  खाद्यान्नको मूल्य वृद्धि, खाद्यतेलजन्य वस्तुहरुको स्रोत मै मूल्य वृद्धि  तथा

पेट्रोलियम पदार्थको विगतमा गरिएको मूल्य वृद्धिको प्रभाव पर्नु आदिका कारण यस वर्ष समग्र मूल्य बृद्धिदर ४.९ प्रतिशत रहन गएको हो । गत वर्ष ३.१ प्रतिशतले वृद्धि भएको थोक मूल्य सूचकाङ्क यस वर्ष ३.२ प्रतिशतले बढेको छ ।

**वैदेशिक व्यापार**

बाह्य क्षेत्रतर्फ आर्थिक वर्ष २०६०/६१ को प्रथम दुई महिनामा कुल निर्यात २८.४ प्रतिशतको उच्च दरले बढ्न गई रु. ८ अर्ब १४ करोड पुगेको छ । गत वर्षको यसै अवधिमा निर्यात २४.५ प्रतिशतले घटेको थियो । भारततर्फको निर्यात यस वर्ष २८.० प्रतिशतको उच्चदरले वृद्धि भई रु. ४ अर्ब २७ करोड पुगेको छ । यो निर्यात अघिल्लो आर्थिक वर्षको यसै अवधिमा ३२.८ प्रतिशतले घटेको थियो । तेश्रो मुलुकतर्फको निर्यात यस वर्ष २८.८ प्रतिशतले बृद्धि भई रु. ३ अर्ब ८७ करोड पुगेको छ । यस्तो निर्यात गत वर्ष १२.६ प्रतिशतले घटेको थियो । प्रमुख निर्यातजन्य वस्तुहरुमध्ये यस वर्ष पश्मिना १२.४ प्रतिशतले घटे तापनि तयारी पोशाकको निर्यात १७.८ प्रतिशतले र ऊनी गलैंचा १५.९ प्रतिशतले बढ्नुका साथै प्रशोधित छाला, गर गहना, दाल, अलैची, कागज तथा हस्तकालका सामानको निर्यात बृद्धि भएकोले त्यस तर्फको कुल निर्यात बृद्धि भएको हो ।

गत वर्ष कुल आयात ३.६ प्रतिशतको न्यून दरले वृद्धि भएकोमा यस वर्ष २३.१ प्रतिशतको उत्साहजनकदरले बृद्धि भई रु. २१ अर्ब ४५ करोड पुगेको छ । भारतबाट भएको आयात गत वर्ष १६.८ प्रतिशतले वृद्धि भएकोमाा यस वर्ष १९.४ प्रतिशतले बृद्धि भएको छ । त्यस्तै, तेश्रो मुलुकबाट भएको आयात गत वर्ष १०.२ प्रतिशतले घटेकोमा यस वर्ष २८.१ प्रतिशतले बृद्धि भएको छ । भारतबाट आयातित वस्तुहरुमध्ये चामल, कृषि उपकरण तथा पूर्जाहरु, विद्युतीय उपकरणहरु, टायर ट्यूव, एम.एस. विलेट, फलफूल, तरकारी, नून, दाल, गहुं, सुर्ती, पेट्रोलियम पदार्थ, यातायातका साधन, औद्योगिक रसायन, धागो, कपडा, एम. एस. वायर रड, अन्य यन्त्र तथा पूर्जाहरु आदि वस्तुहरुको र अन्य मुलुकहरुबाट खाद्य तेल, सुकमेल, सुपारी, धागो, जिंक इंगट, स्टीलसीट, तामाको तार तथा पाता, कच्चा सोयाविन तेल, कच्च पाम तेल, टायर तथा ट्यूव, विद्युतीय सामान तथा उपकरणहरु, औषधी, तयारी पोशाक, श्रृंगारका सामान, अन्य यन्त्र तथा पूर्जाहरु, कच्चा ऊन, प्लाष्टिक दाना, जस्ता मुख्य वस्तुहरुको आयात बढेको छ । गत वर्ष ३१.६ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा यस वर्ष आयातको तुलनामा निर्यात बढी दरले वृद्धि भएको कारण २०.१ प्रतिशतले मात्र बढेर रु. १३ अर्ब ३० करोड पुगेको छ । भारतसंगको ब्यापार घाटा गत वर्ष ८४.९ प्रतिशतले बढेकोमा यस वर्ष १५.१ प्रतिशतको न्यून दलले बढेको छ । तेस्रो मुलुकतर्फको ब्यापार घाटा गत वर्ष ८.५ प्रतिशतले घटेकोमा यस वर्ष २७.७ प्रशितको उच्च दरले बृद्धि भएको छ । परिणामस्वरुप, गत वर्ष ३६.४ प्रतिशत रहेको निर्यात/आयात अनुपात यस वर्ष ३८.० प्रतिशत पुगेको छ । भारततर्फको निर्यात⌧आयात अनुपात गत वर्ष ३३.३ प्रतिशतबाट यस वर्ष केही बढेर ३५.७ प्रतिशत पुगेको छ भने तेश्रो मुलुकतर्फको यो अनुपात गत वर्षको ४०.६ प्रतिशतबाट सीमान्त वृद्धि भई यस वर्ष ४०.८ प्रतिशत पुगेको छ ।





**शोधनान्तर स्थिति**

शोधनान्तर स्थितितर्फ पहिले प्रकाशित हुँदै आएको ढाँचालाई आर्थिक वर्ष २०५९/६० को दशौं महिना (बैशाख) देखि परिवर्तन गरी बढी वास्तविक र अन्तर्राष्ट्रिय स्तर अनुरुपको बनाई प्रकाशित गरिएको छ । यसरी नयाँ ढाँचामा तथ्याङ्क प्रकाशन गर्दा कतिपय नयाँ शीर्षकहरु समावेश गरिएको छ भने कतिपय पहिलेका शीर्षक तथा उपशीर्षकहरुले समेट्न नसकेका पक्षहरुलाई पनि समेट्ने प्रयास गरिएको छ । यसैगरी नयाँ ढाँचामा भारतलाई बिक्री गरिएको पेट्रोलियम पदार्थ र विद्युत् तथा विदेशी हवाइजहाजहरुले नेपालमा भरेको इन्धनको मूल्यलाई समेत निर्यातमा समावेश गरिएको छ ।

आर्थिक वर्ष २०५९/६० को शोधनान्तर तथ्याङ्क अनुसार सेवा आयमा भएको वृद्धिको तुलनामा भुक्तानीको वृद्धिदर कम रहेकोले सेवा क्षेत्रमा बचत भएको छ । यो बचतबाट व्यापार घाटाको ७.८ प्रतिशत भाग पूरा भएको छ । गत वर्षको तुलनामा यस वर्ष लगानी आय ४.४ प्रतिशतले वृद्धि भएको तथा खर्च ५.३ प्रतिशतले बढ्न गएको हुँदा वस्तु, सेवा तथा आयतर्फको समग्र घाटा ३३.७ प्रतिशतले वृद्धि भई रु. ६७ अर्ब १६ करोड पुगेको छ । गत वर्ष यस्तो घाटा ६.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । निजी क्षेत्रको विप्रेषण अत्यधिक रहन गएको कारण आर्थिक वर्ष २०५९/६० को आषाढ मसान्तमा रु. ८ अर्ब ३८ करोडले चालु खाता बचत हुन गएको छ । वित्तीय खातातर्फ यस वर्ष प्रत्यक्ष वैदेशिक लगानी तथा खुद सरकारी ऋण आप्रवाहमा ह्रास आएको हुँदा वित्तीय खाता ऋणात्मक रहेको भए तापनि चालु खातामा उच्च बचत रहेको तथा विविध पूँजी आप्रवाह पनि उल्लेख्य रहेकोले समग्रमा रु. ५ अर्ब २० करोडको शोधनान्तर बचत भएको छ । आर्थिक वर्ष २०५९/६० को यसै अवधिमा रु. ३ अर्ब ३४ करोड बराबरको शोधनान्तर घाटा भएको थियो ।

**विदेशी विनिमय संचिति**

२०६० भाद्र मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको कुल विदेशी विनिमय संचिति रु. १ खर्ब ७ अर्ब ९९ करोड पुगेको छ जसमध्ये परिवर्त्य संचिति रु. ९९ अर्ब ७३ करोड रहेको छ । २०५९ भाद्रको तुलनामा परिवर्त्य संचिति २३.१ प्रतिशतले बढेको छ भने अपरिवर्त्य संचिति ६४.३ प्रतिशतले घटेको छ । गत बर्ष परिवर्त्य संचिति ३.० प्रतिशतले वृद्धि भएको र अपरिवर्त्य संचिति ८.० प्रतिशतले घटेको थियो । कुल संचितिमा २०६० भाद्रमा परिवर्त्य संचितिको अंश ९२.४ प्रतिशत र अपरिवर्त्य संचितिको अंश ७.६ प्रतिशत छ । २०५९ भाद्रमा यस्तो अंश क्रमशः ८९.८ प्रतिशत र १०.२ प्रतिशत थियो । नेपाली कामदारहरुबाट प्राप्त बिप्रेषणको आप्रवाह बढेको र निर्यातमा पनि सुधार आएकोले यस बर्ष परिवर्त्य संचितिको अंश बढेको हो ।




**शेयर बजार गतिविधि**

धितोपत्र बजारमा गत वर्षको तुलनामा यस वर्ष संख्यात्मक शेयर कारोवारमा सामान्य वृद्धि भएको भए तापनि रकमगत कारोवारमा ह्रास आएको छ । कारोवार भएको शेयर संख्या २०५९ भाद्रको तुलनामा २०६० भाद्रमा ३.१ प्रतिशतले बढेर १ लाख ९६ हजार पुगेको छ । कुल शेयर कारोवार रकम भने २०५९ भाद्रको तुलनामा २०६० भाद्रमा १.५ प्रतिशतले ह्रास भई रु. ४ करोड ४५ लाख रहेको छ । सूचीकृत कम्पनीहरुको बजार पूँजीकरण २०५९ भाद्रको तुलनामा २०६० भाद्रमा ८.६ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ६ करोड पुगेको भए तापनि नेप्से परिसूचकाङ्कमा भने गत आर्थिक वर्षको तुलनामा १४.५२ विन्दु (६.५ प्रतिशत) ले ह्रास भई २०८.४६ मा झरेको छ ।

***